जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ६० पृष्ठः ४ | २०८३ असार ०९ मंगलबार (Tuesday 23 June 2026) | मूल्य रु. ५।- इमेल : mgnd2070@gmail.com

## मधेशका मुख्यमन्त्री सचिवालयका कर्मचारीले पाए रोकिएको तलब




मधेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवको सचिवालयका कर्मचारीको रोकिएको तलब भत्ता उपलब्ध गराइएको छ।

जनकपुर, ८ असार ।मधेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवको सचिवालयका कर्मचारीको रोकिएको तलब भत्ता उपलब्ध गराइएको छ। सचिवालयका १४ जना कर्मचारीको तलबभत्ता उपलब्ध गराइएको मुख्यमन्त्री कार्यालयले जाएको छ। १९ मंसिरमा मुख्यमन्त्री बनेपछि यादवले आफ्नो सचिवालयमा स्वकीय सचिव, कम्प्युटर अपरेटर, सवारीचालक, कास लगायत गरी १० कर्मचारी नियुक्त गरेका थिए।

जेनजी आन्दोलन पश्चात संघीय सरकारले जारी गरेको परिपत्रलाई आधार बनाएर कर्मचारीले उनीहरूको तलबभत्ता चार महिनादेखि रोकेको थियो। तर १० जना कर्मचारीको तलब रोक्दा अहिले मुख्यमन्त्रीको सचिवालयका १४ जना कर्मचारीको तलब खुवाउनु परेको छ। गत २६ जेठमा बसेको मधेश सरकारको मन्त्रिपरिषद् बैठकले मधेश प्रदेशका मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ अनुसार तलब उपलब्ध गराउने निर्णय गरेको थियो।

उक्त ऐनमा मुख्यमन्त्रीको सचिवालयमा स्वकीय सचिवसहित १४ जनासम्म राख्न पाउने व्यवस्था छ। यसपटक मुख्यमन्त्रीले थप चारजना थपेर उनीहरूको पति तलबभत्ता निकासा गराएका छन्। जेनजी आन्दोलन पश्चात नेपाल सरकारको ५ असोजमा बसेको मन्त्रिपरिषद् बैठकले तीनै तहको सरकारले गर्नुपर्ने खर्च कटौतीबारे निर्णय गरेको थियो। सो पत्र अनुसार नेपाल सरकारको अर्थ मन्त्रालयले ७ असोजमा तीनै तहको सरकारलाई गरेको परिपत्रको बुँदा नम्बर ५ को (ट) मा 'नेपाल सरकार, प्रदेश सरकारका मन्त्री र प्रदेश प्रमुखको सचिवालयमा बढीमा तीनजना मात्र नियुक्त गर्न सक्ने' उल्लेख गरेको थियो। त्यसलाई आधार बनाउँदै मुख्यमन्त्री कार्यालयका कर्मचारीले सचिवालयका तीनजनाको मात्र तलब बुखाउन सकिने, त्यस भन्दा बढीको खुवाउन मानेका थिएनन्। लेखाशाखाबाट फाइलसमेत फिर्ता पठाएको थियो।

## कोशीटप्पु वन्यजन्तु आरक्ष : पर्यटकको आकर्षण बढ्यो

इनरुवा, ८ असार। कोशीटप्पु वन्यजन्तु आरक्षमा आर्थिक वर्ष २०८२/०८३ मा जेठ महिनासम्म कूल नौ हजार २४२ जना पर्यटकले भ्रमण गरेका छन्। आरक्ष भ्रमण गर्ने कूल पर्यटकमध्ये चार हजार ५३५ महिला र चार हजार ५३५ पुरुष गरेर नौ हजार ७० जना नेपाली पर्यटकले आरक्षको भ्रमण गरेको उहाँले बताउनु भयो। त्यसैगरी दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) मुलुकबाट कूल २५ जना पर्यटकले कोशीटप्पुको भ्रमण गरेका छन्। ( सार्क) मुलुकबाट तीन जना महिला र २२ जना पुरुष रहेका छन्। सार्क मुलुकबाहेकका अन्य विदेशी १४७ जनाले आरक्षको भ्रमण गरेको आरक्षका पौडेलले बताउनुभयो। सार्क मुलुकबाहेकका अन्य विदेशी १४७ जनाले पर्यटकमा ४४ जना महिला र १०३ जना पुरुषले आरक्षको अवलोकन गरेको उहाँले बताउनुभयो।

अर्नाको राजधानी र चराको स्वर्ग मानिने सो आरक्षमा सबैभन्दा बढी पर्यटक मङ्सिर महिनामा आएका छन् भने सबैभन्दा कम असोज महिनामा पर्यटक आएका छन्। यस महिनामा एक हजार ८९३ जना पर्यटकले आरक्षको भ्रमण गरेका छन् भने असोज महिनामा ३२५ जना पर्यटकले आरक्षको भ्रमण गरेको आरक्ष प्रशासनले जनाएको छ। साउनमा ४९६, भदौमा ५४७, असोजमा ३२५, कात्तिकमा ५९१, पुसमा ६४२, माघमा १ हजार ४९९, फागुनमा ६९७, चैतमा ६९१, वैशाखमा ७९१ र जेठमा एक हजार ७० जना गरेर कूल नौ हजार २४२ जना पर्यटक आरक्षको भ्रमण गरेका छन् ।

विशेषतहः यहाँ आउने पर्यटकले लोपोन्मुख अवस्थामा रहेका अर्ना ( जङ्गली भैँसी) का साथै २० प्रकारका साना ठूला जनावर हरिण, रतुवा, नीलगाई, बँदेल, बाँदर, अजिङ्गर र सजिलै सप्तकोसी नदीमा डलफीन हेर्न पाउने गरेको आरक्षका योजना अधिकृत पौडेलले बताउनुभयो। विश्वमा नै दुर्लभ मानिएका चराचुरुङ्गीसहित ४९८

–बाँकी अन्तिम पेजमा

## मधेस प्रदेशमा गहुँ उत्पादनमा कमी

जनकपुरधाम, ८ असार। गहुँ उत्पादनका लागि उर्वर र अग्रणी मानिएको मधेस प्रदेशमा यस वर्ष गहुँ उत्पादनमा कमी आएको छ। मधेस प्रदेश कृषि निर्देशनालय नक्टाझिज धनुषाका अनुसार यस वर्ष मधेस प्रदेशमा तीन लाख ७३२ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर १.८ मेट्रिक टनका दरले पाँच लाख ४३ हजार १६० मेट्रिक टन गहुँ उत्पादन भएको छ। अघिल्लो वर्ष मधेस प्रदेशमा एक लाख ७८ हजार ४३३ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ३.३७ मेट्रिक टनका दरले सात लाख ३१ हजार मेट्रिक टन गहुँ उत्पादन भएको थियो। यस वर्ष सबैभन्दा बढी धनुषामा ३३ हजार ५०० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर २.९४ मेट्रिक टनका दरले ९८ हजार ४९० मेट्रिक टन गहुँ उत्पादन भएको मधेस प्रदेश कृषि निर्देशनालयका बागबानी विकास अधिकृत किरण विश्वकर्माले जानकारी दिनुभयो।



बागबानी विकास अधिकृत विश्वकर्माका अनुसार रौतहटमा १७ हजार २९२ हेक्टरमा प्रतिहेक्टर ३.०५ मेट्रिक टनका दरले ५२ हजार ७४१ मेट्रिक टन, सर्लाहीमा २७ हजार ४०० हेक्टरमा प्रतिहेक्टर २.५४ मेट्रिक टनका दरले ६९ हजार ५९६ मेट्रिक टन र महोत्तरीमा २७ हजार हेक्टरमा प्रतिहेक्टर २.६ मेट्रिक टनका दरले ७२ हजार ८०० मेट्रिक टन गहुँ उत्पादन भएको छ।

त्यसैगरी सप्तरीमा २९ हजार ४०० हेक्टरमा प्रतिहेक्टर २.८ मेट्रिक टनका दरले ८२ हजार ३२० मेट्रिक टन, बारामा २९ हजार हेक्टरमा प्रतिहेक्टर २.४८ मेट्रिक टनका दरले ७१ हजार ९२० मेट्रिक टन, पर्सामा २३ हजार २० हेक्टर क्षेत्रफलमा

–बाँकी अन्तिम पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**गर्मी मौसममा सावधानी अपनाऔ, सुरक्षित बनौं**

- प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं,
- अत्यधिक घाममा लामो समयसम्म नबसौं,
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं,
- जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं,
- तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## महाधिवेशन सैद्धान्तिक स्पष्टताको अवसर

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा))को पहिलो महाधिवेशन भव्यतापूर्वक आइतवार चितवनमा सुरु भएको छ। नयाँ र युवा नेतृत्व भएको रास्वपाले छोटो समयमा हासिल गरेको जनमत र लोकप्रियता अरू दलका निम्ति पक्कै ईर्ष्याजनक होला। सर्वसाधारण जनताका लागि पनि रास्वपाको सफलता आश्चर्यजनक नै छ।

उद्घाटन समारोहका देशका प्रायः सबै प्रमुख राजनीतिक दलका नेताले शुभकामना प्रकट गरेका छन्। अधिकांश वक्ताले निकै सावधानीपूर्वक तर स्पष्ट शब्दमा बहुमतलाई खेर नफाल्न रास्वपाका नेताहरूलाई सल्लाह दिएका थिए। सम्भवतः विगतमा जनमतको कदर गर्न नसक्दा आफूहरूले गुमाएको अवसरको अनुभव उनीहरूको अभिव्यक्तिमा ध्वनित भएको हो।

रास्वपाका सभापति रवि लामिछाने र वरिष्ठ नेता प्रधानमन्त्री बालेन्द्र शाहले आआफ्नै शैलीमा पार्टी र सरकारप्रति उठेका प्रश्नहरूमा आफ्नो धारणा स्पष्ट पार्ने प्रयास गरेका थिए। उनीहरूको अभिव्यक्तिमा आक्रामकताभन्दा स्पष्टीकरणको मात्र बढी हुनुले परिपक्वताको सन्देश पनि दिएको छ। यद्यपि, उनीहरूको अभिव्यक्तिमा दम्भको मात्रा पनि लुकेको थियो। रास्वपाले पाएको सफलता हेर्दा त्यति दम्भ अनपेक्षित वा अस्वाभाविक होइन।

राष्ट्रिय स्वतन्त्र पार्टीको राजनीतिक सिद्धान्त स्पष्ट नभएको आरोप प्रतिस्पर्धी दलहरूले लगाउँदै आएका छन्। जनमानसमा पनि रास्वपाको सैद्धान्तिक धरातल अस्पष्ट नै छ। रास्वपाका नेताहरूले लोकतान्त्रिक गणतन्त्रप्रति पटकपटक प्रतिबद्धता प्रकट गरिआएका भए पनि संघीयताका सम्बन्धमा स्पष्ट दृष्टिकोण देखिँदैन। सम्भवतः महाधिवेशनमा प्रस्तुत हुने प्रतिवेदनहरूबाट रास्वपाको सैद्धान्तिक पक्ष थप स्पष्ट हुनेछ।

रास्वपाको चालु महाधिवेशनले नयाँ केन्द्रीय कार्यसमिति निर्वाचित गर्नेछ। सभापति र वरिष्ठ नेताले कार्यकर्तालाई गुटबन्दी नगर्न पटकपटक सम्झाएका छन्। तर, निर्वाचन हुन नदिए अधिनायकवादको आरोप लाग्छ भने चुनाव हुनेबित्तिकै समूह त बनि नै हाल्छ। त्यस्तो समूह स्थायी हुन नदिने र पराजित हुनेहरूले असुरक्षा महसुस गर्न नपर्ने अवस्था नेतृत्वले निर्माण गर्नुपर्छ। निर्वाचनमा समूह बन्नु वा बनाउनु न नौलो विषय हो न अपराध नै हो।

नयाँ केन्द्रीय समितिको निर्वाचनका साथै दलको विधान र विभिन्न प्रतिवेदनहरू पारित गरेर रास्वपाको महाधिवेशन सफलतापूर्वक सम्पन्न हुनेमा सम्भवतः कुनै सन्देह गर्नुपर्दैन। केन्द्रीय नेतृत्वमा पनि खासै ठूलो परिवर्तन हुने सम्भावना देखिएको छैन। यसैले रास्वपा नेतृत्वलाई बधाई र सफलताको शुभकामना दिनु हतार ठहरिनेछैन।

## बारामा सडक दुर्घटनामा तीन जनाको मृत्यु

**शिवशंकर मिश्रा**

बारा, ८ असार। बाराको जितपुरसिमरा उपमहानगरपालिका–९ छातापिप्रास्थित वीरगञ्ज(पथलैया सडकखण्डमा मोटरसाइकलको ठक्करबाट पैदलयात्रीसहित तीन जनाको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक मीन घलेका अनुसार सोमबार साँझ करिब ५:४० बजे जितपुरबाट वीरगञ्जतर्फ जाँदै गरेको बा ६८ प ७४९१ नम्बरको मोटरसाइकलले पश्चिमबाट पूर्वतर्फ सडक पार गर्दै गरेका करिब ३५ वर्षीय एक पुरुष पैदलयात्रीलाई ठक्कर दिएको थियो। दुर्घटनामा पैदलयात्रीसँगै मोटरसाइकलमा सवार दुई युवकसमेत गम्भीर घाइते भएका थिए।

घाइतेहरुको तत्काल उद्धार गरी उपचारका लागि नारायणी अस्पताल वीरगञ्ज पठाएकोमा उपचारका क्रममा नाम, थर र ठेगाना नखुलेका करिब ३५ वर्षीय पैदलयात्रीको आज साँझ ६:१५ बजे नारायणी अस्पतालका चिकित्सकले मृत घोषणा गरेका उहाँले बताउनुभयो।

यस्तै, मोटरसाइकलमा सवार काठमाडौँको टोखा नगरपालिका निवासी करिब २० वर्षीय डिजेन जोशीको पनि व्योधा अस्पतालमा आज साँझ ६ बजे चिकित्सकले मृत घोषणा गरेका हुन्।

यसैगरी अर्का घाइते बारा जितपुरसिमरा उपमहानगरपालिका(१ पथलैया निवासी प्रभु अधिकारीका करिब २० वर्षीय छोरा सभ्य अधिकारीको पनि सोही अस्पतालमा उपचारका क्रममा मृत्यु भएको बारा प्रहरीले जनाएको छ। दुर्घटनापछि मोटरसाइकल इलाका प्रहरी कार्यालय जितपुरको नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

# समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणका लागि बजेट प्राथमिकता

**गीता सुवेदी**

शिक्षा प्रत्येक नागरिकको नैसर्गिक तथा मौलिक अधिकार हो। यो केवल एउटा सामाजिक सेवा मात्र नभई समग्र मानव विकास, आर्थिक समृद्धि, सामाजिक न्याय, लोकतान्त्रिक संस्कार र दिगो विकासको आधार हो। वास्तवमा शिक्षा सबै पूर्वाधारहरूको पनि पूर्वाधार हो। शिक्षामा गरिएको लगानीले स्वास्थ्य, रोजगारी, उत्पादनशीलता, सुशासन, सामाजिक सद्भाव तथा राष्ट्रिय विकासमा दीर्घकालीन सकारात्मक प्रभाव पार्दछ। नेपालको संविधानले प्रत्येक बालबालिकालाई निःशुल्क, अनिवार्य, गुणस्तरीय र समावेशी आधारभूत शिक्षाका साथै माध्यमिक तहसम्म निःशुल्क शिक्षाको अधिकार सुनिश्चित गरेको छ। तर, संवैधानिक प्रतिबद्धता र वास्तविक लगानीबीच अझै ठूलो दूरी देखिन्छ। नीति तथा कानून एकातिर छन् भने तिनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत, जनशक्ति र संस्थागत क्षमता अर्कोतर्फ अपर्याप्त देखिन्छ।

अन्तर्राष्ट्रिय अभ्यासअनुसार शिक्षा क्षेत्रमा कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को कम्तीमा ४–६ प्रतिशत वा कुल राष्ट्रिय बजेटको १५–२० प्रतिशत लगानी गर्नुपर्ने मान्यता रहेको छ। नेपालले पनि यस मान्यतालाई व्यवहारमा रूपान्तरण नगरेसम्म संविधानले परिकल्पना गरेको गुणस्तरीय तथा समावेशी शिक्षा प्रणाली निर्माण गर्न कठिन देखिन्छ। त्यसैले संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट वित्तीय समन्वय, जिम्मेवारी बाँडफाँट तथा दीर्घकालीन लगानी रणनीति आवश्यक छ।

संघीय शासन प्रणाली कार्यान्वयनपछि विद्यालय शिक्षाको व्यवस्थापनमा स्थानीय तहको भूमिका अत्यन्त महत्वपूर्ण बनेको छ। विद्यालयको गुणस्तर सुधार, शिक्षक व्यवस्थापन, स्थानीय पाठ्यक्रम विकास, विद्यालय पूर्वाधार, समुदाय परिचालन तथा स्थानीय आवश्यकताअनुसारका नवप्रवर्तनात्मक कार्यक्रम सञ्चालन गर्ने प्रमुख जिम्मेवारी स्थानीय सरकारको रहेको छ। यसका लागि स्थानीय तहले समन्वय, सहअस्तित्व, सहभागिता, पारदर्शिता र उत्तरदायित्वलाई शासनको आधारभूत सिद्धान्तका रूपमा अवलम्बन गर्नुपर्छ। शिक्षा क्षेत्रमा गरिने योजना तथा बजेट विनियोजन राजनीतिक प्रभाव, पहुँच वा वितरणमुखी दृष्टिकोणमा नभई तथ्याङ्क, आवश्यकता र प्रमाणमा आधारित हुनुपर्छ।

समावेशी र गुणस्तरीय शिक्षा केवल विद्यालयमा सबैको पहुँच सुनिश्चित गर्ने विषय मात्र होइन। यसले सबै बालबालिकाले समान अवसर, सम्मान, सहभागिता र सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने वातावरण निर्माण गर्नुपर्ने हुन्छ। स्थानीय तहको शिक्षा बजेट समान रूपमा वितरण नगरी न्यायोचित वितरण गरिनुपर्छ। समान बजेटले समान अवसरको सुनिश्चितता गर्दैन किनकि सबै समुदायको आवश्यकता समान हुँदैन। त्यसैले बजेट विनियोजन गर्दा आवश्यकता, जोखिम र पछाडि परेको अवस्थालाई प्राथमिक आधार बनाउनुपर्छ।

स्थानीय सरकारले बजेट विनियोजन गर्दा लैङ्गिक समानता र सामाजिक न्याय, जातीय तथा भाषिक विविधता, अपाङ्गता भएका बालबालिका र आर्थिक रूपमा विपन्न परिवार, दुर्गम क्षेत्र, विपद् प्रभावित समुदाय, अति सीमान्तकृत तथा जोखिममा रहेका समुदायजस्ता आधारहरूलाई प्राथमिकता दिनुपर्छ। अहिले पनि धेरै समुदाय आर्थिक अभाव, सामाजिक विभेद, भौगोलिक दुर्गमता, अपाङ्गता, बालविवाह, बालश्रम, मौसमी बसाइँसराइ तथा अन्य संरचनागत कारणले शिक्षाबाट वञ्चित भइरहेका छन्। महिला, दलित, जनजाति, मधेशी, मुस्लिम, थारू, चेपाङ, राउटे, बादी तथा अन्य अति सीमान्तकृत समुदायका बालबालिकाका लागि छात्रवृत्ति, सिकाइ सामग्री, यातायात, पोषण, मनोसामाजिक सहयोग र आवश्यक सहायक सेवामा पर्याप्त लगानी गर्नु स्थानीय सरकारको दायित्व हो।

स्थानीय सरकारहरूले आफ्नो क्षेत्रभित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्रोतहरूको दिगो उपयोगमार्फत आन्तरिक आम्दानी वृद्धि गर्न सक्दछन्। धार्मिक स्थल, सांस्कृतिक सम्पदा, जात्रा, मेला, स्थानीय कला, कृषि पर्यटन तथा घरेलु उद्योगलाई व्यवस्थित गरी स्थानीय तहमा राजस्व वृद्धि गर्न सक्छन्। नेपाल क्रमशः न्यून आय भएका देशबाट स्तरोन्नतिको चरणमा पुगेको सन्दर्भमा वैदेशिक सहयोग क्रमशः घट्न सक्ने सम्भावना भएकाले स्थानीय सरकारले आफ्नै स्रोत परिचालनलाई सुदृढ बनाउनुपर्छ। कर प्रणालीलाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउँदै प्राप्त स्रोतको निश्चित हिस्सा शिक्षा क्षेत्रमा लगानी गर्ने नीति अवलम्बन गरिनुपर्छ। शिक्षालाई खर्चको विषय नभई दीर्घकालीन लगानीका रूपमा हेर्न आवश्यक छ।

स्थानीय सरकारले बनाउने नीति, ऐन, नियम, कार्यक्रम तथा बजेटलाई नियमित रूपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको आधारमा समीक्षा गर्नुपर्छ। बजेट कसलाई केन्द्रित छ, कसले लाभ पाइरहेको छ र कार्यक्रमले असमानता घटाइरहेको छ कि बढाइरहेको छ भन्ने कुरामा ध्यान दिनु जरुरी छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको निष्कर्षलाई स्थानीय शिक्षा योजनासँग एकीकृत गरी कार्यान्वयन गर्न सके मात्र शिक्षा प्रणाली अझ न्यायोचित र समावेशी बन्न सक्छ।

यसका साथै बालविवाह, बालश्रम, जातीय विभेद, लैङ्गिक हिंसा र अन्य सामाजिक हानिकारक अभ्यासहरूको दीर्घकालीन समाधानका लागि विद्यालय, समुदाय, अभिभावक तथा स्थानीय सञ्चारमाध्यमबीच सहकार्य गरी सचेतनामूलक अभियान सञ्चालन गर्नुपर्छ। स्थानीय रेडियो, एफएम र टेलिभिजनका लागि बजेट विनियोजन गरी आमा शिक्षा, अभिभावक शिक्षा र जीवनोपयोगी सीपका कार्यक्रम निरन्तर चलाउनुपर्छ।

नेपाल विश्वका उच्च विपद् जोखिम भएका देशहरूमध्ये एक हो। भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी तथा जलवायु परिवर्तनका प्रभावले शिक्षा क्षेत्रलाई निरन्तर प्रभावित गरिरहेका छन्। विद्यालय तथा समुदायस्तरमा विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा उत्थानशीलता निर्माणका लागि स्थानीय तहले आवश्यक बजेट विनियोजन गर्नुपर्छ। हरेक विद्यालयमा विद्यालय विपद् व्यवस्थापन योजना, आकस्मिक कार्ययोजना, नियमित अभ्यास, आपत्कालीन सामग्री, शिक्षक तथा विद्यार्थी प्रशिक्षण र सुरक्षित विद्यालय मापदण्डको कार्यान्वयन अनिवार्य गरिनुपर्छ।

विद्यालयको भौतिक संरचना समावेशी शिक्षाको आधार हो। स्थानीय सरकारले पूर्वाधार अडिट गरी प्रत्येक विद्यालयमा अपाङ्गतामैत्री संरचना, बालमैत्री फर्निचर र सुरक्षित खेलमैदान, उमेरअनुकूल र लैङ्गिक संवेदनशील शौचालय (महिनावारी व्यवस्थापन सुविधासहित), सुरक्षित खानेपानी आपूर्ति, सुरक्षित कक्षाकोठा र आपत्कालीन निकास मार्गजस्ता सुविधाहरू सुनिश्चित गर्न बजेट विनियोजन गर्नुपर्दछ। जलवायु परिवर्तनको प्रभाव बढ्दै गएको सन्दर्भमा 'हरित विद्यालय' अवधारणा लागू गर्दै विद्यालयमा वृक्षरोपण, फोहोर व्यवस्थापन, प्लास्टिक न्यूनीकरण, वर्षाको पानी संकलन र ऊर्जा दक्षताजस्ता कार्यक्रम सञ्चालन गर्नुपर्छ।

विश्व तीव्र रूपमा कृत्रिम बुद्धिमत्ता (एआई), डिजिटल प्रविधि र ज्ञानमा आधारित अर्थतन्त्रतर्फ अघि बढिरहेको छ। अबका विद्यालयहरू केवल पाठ्यपुस्तक केन्द्रित सिकाइमा सीमित रहन सक्दैनन्। विद्यालयमा डिजिटल साक्षरता, एआईको आधारभूत ज्ञान–सोच, अनुसन्धानमुखी सिकाइ र सिर्जनात्मक सोचजस्ता विषयलाई प्राथमिकता दिनुपर्छ। यसका लागि हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि (आईसीटी) पूर्वाधारको अवस्था मूल्याङ्कन गरी इन्टरनेट, कम्प्युटर प्रयोगशाला, स्मार्ट बोर्ड, डिजिटल पुस्तकालय र ई–लर्निङ सामग्रीमा लगानी गर्नुपर्छ। प्रविधिको प्रभावकारी उपयोगका लागि शिक्षकहरूलाई डिजिटल शिक्षण, एआईको जिम्मेवार प्रयोग, मिश्रित सिकाइ र खुला शैक्षिक सामग्रीसम्बन्धी नियमित तालिम उपलब्ध गराउनुपर्छ।

बालबालिकाको मस्तिष्क विकासको सबैभन्दा संवेदनशील अवधि प्रारम्भिक बाल्यावस्था हो। त्यसैले प्रारम्भिक बालविकास तथा शिक्षा (ईसीईडी) लाई मानव विकासको आधारका रूपमा लिनुपर्छ। प्रत्येक स्थानीय तहले सबै ईसीईडी केन्द्रको गुणस्तर परीक्षण गरी बालमैत्री फर्निचर तथा सिकाइ स्रोतका लागि पर्याप्त बजेट विनियोजन गर्नुपर्छ। ईसीईडी शिक्षकको पारिश्रमिक र सामाजिक सुरक्षालाई श्रम ऐन र अन्तर्राष्ट्रिय श्रम मापदण्डअनुकूल बनाउँदै उनीहरूलाई बालमनोविज्ञान र खेलमार्फत सिकाइमा आधारित नियमित पेशागत तालिम उपलब्ध गराइनुपर्छ।

संवैधानिक व्यवस्था भए पनि गरिबी, बालश्रम र भौगोलिक कठिनाइजस्ता कारणले अझै धेरै बालबालिका विद्यालयबाहिर छन्। स्थानीय सरकारले विद्यालयबाहिर शून्य बालबालिका अभियान वर्षभरि निरन्तर सञ्चालन गर्नुपर्छ। भर्नामात्र पर्याप्त होइन, नियमित उपस्थितिसहित कक्षा १२ सम्मको शिक्षा पूरा गराउने जिम्मेवारी स्थानीय सरकार, विद्यालय र समुदायले संयुक्त रूपमा लिनुपर्छ। स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गरी बालबालिकाको प्रारम्भिक स्वास्थ्य तथा विकास परीक्षण गराउनुपर्छ ताकि दृष्टि, श्रवण वा सिकाइ कठिनाइजस्ता समस्या समयमै पहिचान गरी आवश्यक सहायक सामग्री र व्यक्तिगत सिकाइ सहयोग उपलब्ध गराउन सकियोस्।

शिक्षक शिक्षा प्रणालीको केन्द्रविन्दु हुन्। स्थानीय सरकारले शिक्षकको आवश्यकता विश्लेषण गरी वैज्ञानिक ढङ्गले व्यवस्थापन र पुनः वितरण गर्नुपर्छ। शिक्षक तालिमलाई केवल प्रमाणपत्र प्राप्त गर्ने माध्यम नभई कक्षाकोठामा देखिने व्यवहार परिवर्तनसँग जोडिनुपर्छ। तालिममा समावेशी शिक्षण, बालकेन्द्रित शिक्षण, परियोजनामा आधारित सिकाइ, उपचारात्मक शिक्षण, एआईको जिम्मेवार प्रयोग र मनोसामाजिक सहयोगजस्ता विषय समावेश गरिनुपर्छ।

घोकन्ते शिक्षण पद्धतिबाट सिर्जनात्मक, विश्लेषणात्मक र समस्या समाधानमुखी सिकाइतर्फ विद्यालयलाई रूपान्तरण गर्न आवश्यक छ। विद्यालयहरूमा क्रमशः विज्ञान, गणित, अंग्रेजी भाषा, संस्कृति र नवप्रवर्तन प्रयोगशाला एवम् मेकर स्पेस स्थापना गर्न बजेट विनियोजन गर्नुपर्छ। हरेक विद्यार्थीको सिकाइ गति समान नहुने भएकाले शैक्षिक सत्रको शुरुआतमै सिकाइ स्तर

–बाँकी तीन पेजमा

## समावेशी, गुणस्तरीय ...

पहिचान गरी उपचारात्मक सिकाइ र अतिरिक्त कक्षा सञ्चालन गर्नुपर्छ। साथै उमेरअनुकूल पुस्तकहरूसहित कार्यात्मक पुस्तकालय सञ्चालन गरी पठन संस्कृतिको विकास गरिनुपर्छ।

बालबालिकाको सिकाइ र समग्र विकासका लागि खेलकुद, कला र संस्कृतिको महत्त्वपूर्ण भूमिका हुने हुँदा विद्यालयस्तरीय प्रतियोगिता र प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनुपर्छ। हरेक विद्यालय वा क्लस्टरस्तरमा विद्यालय नर्स तथा प्राथमिक मानसिक स्वास्थ्य परामर्श सेवाको व्यवस्था हुनुपर्छ। प्रमाणमा आधारित नीति निर्माण सुशासनको आधार हो। विद्यालयबाहिर रहेका बालबालिका, अपाङ्गताको अवस्था, सिकाइ उपलब्धि र पूर्वाधारसम्बन्धी अद्यावधिक र विश्वसनीय तथ्याङ्क अभावमा प्रभावकारी योजना निर्माण कठिन हुन्छ। त्यसैले एकीकृत शिक्षा व्यवस्थापन सूचना प्रणाली ( आईईएमआईएस) लाई विद्यालय व्यवस्थापनको आधारभूत निर्णय प्रक्रियाको आधार बनाइनुपर्छ। यसका लागि आईसीटी पूर्वाधार, जिम्मेवार जनशक्तिको क्षमता विकास र नियमित तथ्याङ्क प्रमाणीकरण अनिवार्य गरिनुपर्छ।

समावेशी शिक्षा प्रणाली निर्माणका लागि उमेर, लिङ्ग, जाति, भाषा र अपाङ्गताका आधारमा खण्डीकृत तथ्याङ्क विश्लेषण गरी सोहीअनुसार योजना बनाउनुपर्छ। शिक्षा क्षेत्रमा सुशासन, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न स्थानीय सरकारले समुदाय स्कोर कार्ड, सार्वजनिक सुनुवाइ, नियमित अनुगमन र कार्यसम्पादन मूल्याङ्कन लागू गर्नुपर्छ। कतिपय पालिकामा उपलब्ध जनशक्तिको प्रभावकारी उपयोग हुन नसकेकाले जनशक्ति आवश्यकता अध्ययन, कार्यविश्लेषण र क्षमता अभिवृद्धिका उपायहरू अवलम्बन गरिनुपर्छ।

अपाङ्गता भएका बालबालिकाको सिकाइका लागि शिक्षाको लागि विश्वव्यापी डिजाइन (यूडीएल) सिद्धान्तअनुसार विविध सिकाइ विधि, दृश्य–श्रवण सामग्री, व्यक्तिगत सिकाइ योजना र सहायक प्रविधि अनिवार्य रूपमा लागू गरिनुपर्छ। मातृभाषामा प्रारम्भिक शिक्षा प्रदान गर्दा सिकाइ प्रभावकारिता बढ्ने भएकाले स्थानीय भाषामा पाठ्यसामग्री विकास, बहुभाषिक शिक्षण रणनीति र मातृभाषाका शिक्षक तयारीमा जोड दिनुपर्छ।

बाल क्लबहरूलाई सक्रिय बनाउन वार्षिक कार्ययोजना र नेतृत्व तालिम अनिवार्य गर्दै उनीहरूलाई विद्यालय सुधार प्रक्रियामा सहभागी गराउनुपर्छ। गुनासो सुन्ने संयन्त्र र सुझाव पेटिकामार्फत विद्यार्थीको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्छ। बालबालिकाको सिकाइ विद्यालय र परिवार दुवैको साझा जिम्मेवारी हो। सकारात्मक अनुशासन, मानसिक स्वास्थ्य र पोषणजस्ता विषयमा प्रत्येक वर्ष कम्तीमा चार पटक अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्न स्थानीय सरकारले बजेट छुट्याउनुपर्छ।

हरेक विद्यालयको सुधार योजना स्थानीय तहको शिक्षा योजनासँग आबद्ध हुनुपर्छ। शिक्षा प्रणालीको दिगो सुधारका लागि स्थानीय तहले कुल बजेटको निश्चित न्यूनतम हिस्सा (कम्तीमा २० प्रतिशत) शिक्षामा सुनिश्चित गर्ने, परिणाममुखी बजेट प्रणाली अवलम्बन गर्ने र सार्वजनिक–निजी साझेदारी मोडेल विकास गर्ने रणनीति लिनुपर्छ।

शिक्षा प्रणालीलाई प्रभावकारी बनाउन नीतिगत सुधारमात्र पर्याप्त हुँदैन। यसको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट मार्गचित्र आवश्यक हुन्छ। जसमा आधार निर्माण अर्थात् सबैभन्दा पहिले खण्डीकृत तथ्याङ्क संकलन, विद्यालयको अवस्था विश्लेषण तथा स्रोत पहिचान गर्नुपर्छ। त्यसपछि योजना निर्माण अर्थात् स्थानीय शिक्षा योजना, विद्यालय सुधार योजना तथा बजेट प्राथमिकता निर्धारण गर्नुपर्छ। त्यसैगरी कार्यान्वयनका लागि शिक्षक परिचालन, पूर्वाधार विकास तथा कार्यक्रम सञ्चालन गर्नुपर्छ। साथै अनुगमन र मूल्याङ्कनका लागि नियमित समीक्षा, समुदाय स्कोर कार्ड तथा सिकाइ उपलब्धि विश्लेषण गर्दै जानुपर्छ।

अन्तमा समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणका लागि केवल कार्यक्रम विस्तार पर्याप्त हुँदैन, दृष्टिकोणमै परिवर्तन आवश्यक छ। शिक्षालाई सामाजिक सेवा मात्र नभई सामाजिक रूपान्तरणको आधारभूत संरचना मान्नुपर्छ। समावेशीता, गुणस्तर, सुशासन, वित्तीय दिगोपन, तथ्याङ्कमा आधारित योजना र प्रविधिमैत्री शिक्षण प्रणालीको एकीकृत अभ्यासमार्फत मात्र नेपालको शिक्षा प्रणालीले संविधानले परिकल्पना गरेको लक्ष्य हासिल गर्न सक्छ। स्थानीय सरकार यस परिवर्तनको केन्द्रमा रहेको हुँदा यसको भूमिका प्रशासनिक मात्र नभई रूपान्तरणकारी बजेटमार्फत हुनुपर्छ।

# समावेशी पक्षमा रास्वपाको जोडः मधेसी समुदाय खुसी

**नारायण अधिकारी**

चितवन, ८ असार। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो विधानमा संशोधन गरी पार्टीलाई थप समावेशी बनाइने भएको छ। समावेशी सहभागितालाई सुनिश्चित गर्नेगरी विधान संशोधन भएसँगै प्रत्यक्ष लाभान्वित समुदाय खुसी देखिएका हुन्। पार्टीले महिला, जनजाति, मधेसी, दलित समुदायका पक्षमा निर्णय गरेको भन्दै लाभान्वित समुदाय उत्साहित बनेका हुन्। आधा जनसङ्ख्या ओगट्ने महिलामध्येबाट एक जना केन्द्रीय उपसभापति हुनुपर्ने व्यवस्था गरेको छ।

केन्द्रीय समितिका ९९ जना सदस्यमध्ये प्रदेशबाट प्रतिनिधित्व गर्ने एउटा प्रदेशको पाँच जनाका दरले ३५ जना सदस्यलाई पूर्ण समावेशी बनाइएको छ। एउटा प्रदेशबाट कम्तीमा दुई महिला अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ। प्रदेशमा उपस्थित जनसङ्ख्याको आधारमा गण्डकी र कोशी प्रदेशलाई एक/एक जना जनजातिका लागि कोटा राखिएको छ। यसैगरी, सुदूरपश्चिम र कोशी प्रदेशमा एक/एक जना दलित अनिवार्य हुनुपर्ने छ। लुम्बिनीमा एक जना थारु र मधेस प्रदेशमा मधेसी दलित अनिवार्य गरी समावेशी सिद्धान्तलाई आत्मसात् गरिएको छ।

यसै सन्दर्भमा मधेस प्रदेशबाट प्रतिनिधित्व गर्ने महाधिवेशन प्रतिनिधिहरूले समावेशिताको सिद्धान्तले सबै व्यक्ति तथा समुदायलाई समान अवसर र सम्मान प्रदान गर्ने भन्दै पार्टीको निर्णयप्रति खुसी व्यक्त गरेका छन्। यसले विभिन्न पृष्ठभूमि, क्षमता, र अनुभव भएका व्यक्तिलाई संस्था, समाज र निर्णय प्रक्रियामा समेट्ने उनीहरूको विश्वास छ। जसले गर्दा सबैको योगदानले समाजलाई समृद्धितर्फ अगाडि बढाउँने उनीहरूको भनाइ छ।

मधेस प्रदेशको राजधानी धनुषा जिल्लाबाट प्रतिनिधित्व गर्ने उदयकुमार साहले पुराना दलहरूको प्राथमिकतामा समाबेशी सिद्धान्तको मुद्दा प्राथमिकतामा नपरेकाले जनताको विश्वास गुमाउन पुगेको उल्लेख गर्दै समावेशी पक्षका सन्दर्भमा रास्वपा अन्य दलभन्दा अघि रहेको भनी खुसी व्यक्त गर्नुभयो। यसैगरी महोत्तरीका विनोदकुमार शाह समाजका सबै वर्ग, लिङ्ग, समुदायका भुइँमान्छेलाई समेट्ने गरी पार्टीले नीति तथा कार्यक्रमहरू अघि ल्याउनुपर्नेमा सुझाव दिनुहुन्छ।

सर्लाहीकी आज्ञा कटुवाल पार्टीलाई पूर्ण समावेशी बनाउन लागिएको भन्दै खुसी व्यक्त गर्नुहुन्छ। उहाँले भन्नुभयो, "गाउँगाउँका समस्या बुझ्ने गरी पार्टी कमिटी बन्नुपर्छ।" समावेशीताले समाजको विविधतालाई सम्मान गर्ने भन्दै उहाँले पार्टीलाई एक ढिक्का भएर अघि वढाउन सुझाव दिनुहुन्छ। त्यस्तै बाराका सुदर्शन पण्डितले जातीय र भूगोलका नागरिकको गुनासा सुन्न नसक्दा पुराना दल कमजोर हुँदै गएको स्पष्ट गर्दै रास्वपाको समानुपातिक नीति देश र जनताका पक्षमा केन्द्रित हुने स्पष्ट गनुभयो।

बाराका सागरकुमार गिरी समाजका सबैलाई समेटेर समावेशीताको सिद्धान्तलाई आत्मसात् गर्दै पार्टी गतिविधि अघि बढ्ने बताउनहुन्छ। अहिलेसम्म अरुले नसुनेको गुनासो रास्वपाले सुन्ने भन्दै उहाँले आमनागरिकको प्रतिनिधित्व हुने गरी केन्द्रदेखि तल्लो तहसम्म सङ्गठन संरचना बनाइनुपर्ने खाँचो औँल्याउनुहुन्छ। रास्वपाको पहिलो महाधिवेशनको बन्दसत्र अहिले यहाँ सुरु भएको छ। पार्टीलाई थप समावेशी बनाउने गरी विधान संसोधन प्रक्रिया अघि बढेसँगै विशेषगरी महिला, दलित, जनजातिलगायतका वर्ग, समुदाय प्रत्यक्ष रुपमा लाभान्वित हुने रास्वपाले स्पष्ट गरेको छ।

# धनुषाको चित्रपुरमा आँप मेला, ३० लाखको कारोबार




जनकपुरधाम, ८ असार। फलको राजा आँपैआँपले चिनिएको धनुषको बटेश्वर गाउँपालिका–१ चित्रपुरमा तीन दिवसीय आँप मेला सम्पन्न भएको छ। शुक्रबारदेखि आइतबारसम्म चलेको आँप मेलामा ३० लाख रुपैयाँ बराबरको आँपको कारोबार भएको आयोजक चित्रपुर म्यांगो अग्रो टुरिज्म इनिसिएटिभका अध्यक्ष प्रदीपकुमार महताले बताए।

करिब ५ सय विघा क्षेत्रफलमा रहेको आँप बगैँचाभित्र लागेको आँप मेलामा तीनदिनमा २० हजार जनाले अब्लोकन गरेको उनको भनाइ छ। मेलामा दर्जन बढी प्रकारका आँप, आँपका विविध परिकार अचार, अमोट, जुस, चिप्स प्रदर्शनसँगै विक्रिवितरण भएको छ। गत शनिबार मधेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मेलाको उदघाटन गरेका थिए।

मुख्यमन्त्रीसँग भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री श्यामप्रसाद पटेल, श्रम तथा यातायात मन्त्री शारदादेवी थापा समेत उद्राटनमा पुगेका थिए। मधेशका गृह सञ्चार तथा कानुन मन्त्री फकिरा महतो, शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंह लगायतले पनि आँप मेलाको अवलोकन गरेका थिए।

मेलामा आँपको विषयमा चर्चासँगै सांस्कृतिक कार्यक्रमसमेत आयोजन गरिएको थिए। आँप खेतीलाई प्रवर्द्धन तथा पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न चित्रपुरवासीले विगत तीन वर्षदेखि वर्षेनि मेला लगाउँदै आएका छन्। मेलाको अवधारणसहित प्रारम्भ स्थानीय सञ्चारकर्मी समेत रहेका फुलगेन महतो मगहीले गरेका थिए।




# बन्द अवस्थामा रहेको हेटौँडा कपडा उद्योग सञ्चालन गर्ने सरकारको तयारी

काठमाण्डौ, ८ असार। लामो समयदेखि बन्द अवस्थामा रहेको हेटौँडा कपडा उद्योगलाई सरकारले फेरि सञ्चालनमा ल्याउने तयारी गरेको छ। योसँगै सरकारी निकायले यसको अनुगमन शुरु गरेको छ। हेटौँडा औद्योगिक क्षेत्रभित्र २०३२ सालमा स्थापना भएर २०३५ देखि सञ्चालित हेटौँडा कपडा उद्योग २०५७ सालदेखि बन्द भएको थियो। त्यसयता कपडा उद्योग फेरि सञ्चालनमा ल्याउन पटकपटक प्रयास भएपनि प्रयासले सार्थकता पाउन सकेको थिएन।

यसवर्ष यसको सञ्चालनका लागि सरकारले चासो बढाएसँगै सरकारी तवरबाट स्थलगत अनुगमनसँगै सक्रियता बढाइएको औद्यागिक क्षेत्र व्यवस्थापन लिमिटेड हेटौँडा कार्यालयका सूचना अधिकारी हिमालय भण्डारीले जानकारी दिनुभयो। त्यसयता समयसमयमा यसको सञ्चालनको प्रयास भने भइरहेको उहाँले जानकारी दिनुभयो। कपडा उद्योग पुनः तत्कालै सञ्चालन गर्न सकिने अवस्थामा रहेको बताउँदै सूचना अधिकारी भण्डारीले त्यहाँ रहेका उपकरण सामान्य मर्मतपछि प्रयोग गर्न सकिने अवस्थामा रहेको जानकारी दिनुभयो।

हेटौँडा कपडा उद्योगको पुनः सञ्चालनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले अग्रसरता लिएको बताउँदै उहाँले यसबीचमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले उद्योगको स्थलगत अनुगमन गर्नुभएको बताउनुभयो। त्यस्तै उद्योगको हेटौँडा उपमहानगर मेयर मीनाकुमारी लामा, मकवानपुरका प्रमुख जिल्ला

–बाँकी अन्तिम पेजमा

# नारायणी अस्पतालमा 'हिमोफिलिया उपचार केन्द्र' सञ्चालनमा

**सुशील दर्नाल**

वीरगञ्ज, ८ असार। नारायणी अस्पताल वीरगञ्जमा पहिलो पटक 'हिमोफिलिया उपचार केन्द्र' ( एचटिसी) सञ्चालनमा ल्याइएको छ। हिमोफिलिया सोसाइटी नेपाल तथा नारायणी अस्पताल वीरगञ्जको सहकार्यमा वीरगञ्ज क्षेत्रका हिमोफिलियाका बिरामीको उपचारमा सहजता ल्याउने उद्देश्यले आइतबारदेखि सो केन्द्र पहिलो पटक सञ्चालनमा ल्याइएको हो।

सोसाइटीका अध्यक्ष नवीन ढुङ्गेलका अनुसार यसबाट अस्पतालमा उपचाररत करिब ४० हिमोफिलियाका बिरामीलाई थप सहजता हुने छ। उहाँले सोसाइटीले उपचारका लागि आवश्यक औषधि पनि हस्तान्तरण गरेको जानकारी दिनुभयो। साथै सोसाइटीले स्वास्थ्यकर्मीलाई हिमोफिलिया रोगको पहिचान, उपचार, व्यवस्थापन तथा बिरामीलाई आवश्यक पर्ने 'फ्याक्टर' को प्रयोगसम्बन्धी व्यवहारिक प्रशिक्षण पनि दिएको छ।

नारायणी अस्पतालमा हिमोफिलिया उपचार केन्द्र स्थापना भएसँगै मधेस प्रदेशका पर्सा, बारा, रौतहट, सिरहा लगायत जिल्लाका हिमोफिलिया तथा अन्य रक्तश्रावसम्बन्धी समस्याबाट पीडित बिरामीले आफ्नै प्रदेशमा सहज रूपमा उपचार सेवा प्राप्त गर्न सक्ने छन्। उहाँले भन्नुभयो, "हिमोफिलिया भएकाहरू यसअघि सामान्य उपचारका लागि समेत काठमाडौँ जानुपर्ने थियो, बिरामी र परिवारले आर्थिक तथा मानसिक रूपमा ठूलो सास्ती भोग्नुपरेको थियो, अब उपचार सेवा प्रदेशमै उपलब्ध भएसँगै उपचार सहज हुने भएको छ।"

नेपालमा धेरै हिमोफिलिया बिरामी पहिचान र उपचारको पहुँचभन्दा बाहिर रहेको र आवश्यक औषधिमध्ये करिब ५४ प्रतिशत अभाव रहेको सोसाइटीका उपाध्यक्ष रामकृष्ण बोगटीको भनाइ छ। हालसम्म नेपालका १८ सरकारी अस्पतालमा हिमोफिलिया उपचार केन्द्र स्थापना भइसकेको छ। पछिलो जनगणना अनुसार नेपालमा करिव ३ हजार हेमोफिलियायुक्त व्यक्ति रहेको अनुमान छ। तर नेपाल हिमोफिलिया सोसाइटीले अहिलेसम्म नेपामला ७५० जना मात्रै सम्पर्कमा आएको जनाएको छ। जनचेतनाका अभावमा अझै पनि हिमोफिलियाका बिरामी खुलेर बाहिर आउन सकेका छैनन्।

हिमोफिलिया एक वंशाणुगत रक्तश्रावसम्बन्धी रोग हो। यसमा शरीरमा रगत जमाउन आवश्यक 'क्लोटिङ फ्याक्टर' को कमी हुन्छ। यस रोगबाट प्रभावित व्यक्तिमा सामान्य चोटपटक लाग्दा पनि लामो समयसम्म रक्तश्राव भइरहने, जोर्नी सुन्निने तथा शरीरभित्र आन्तरिक रक्तश्राव हुनेजस्ता समस्या देखिन्छन्। चिकित्सकका अनुसार हिमोफिलिया वंशाणुगत समस्या पनि हो। तर, कसैमा वंशानणुगत नभएर अन्य कारणले पनि हुन सक्छ। रगतमा विशेष प्रकारको प्रोटिन फ्याक्टरको कमी भए वा सो फ्याक्टरको अनुपस्थिति भएमा रगत जम्न ढिलाई हुन्छ र लामो समयसम्म रगत नरोकिन सक्छ। यही समस्यालाई 'हिमोफिलिया' भनिन्छ।

रक्तस्रावको स्थितिमा हाम्रो शरीरले सो रक्तस्राव रोक्न तीन चरणको कार्य गर्दछ। रक्तस्राव भएको स्थानको रक्तनलीहरूमा सङ्कुचन हुन्छ। प्लेटलेट प्लगको निर्माण हुन्छ। छालामा 'फाइब्रिन' जालोको निर्माण भई रक्तस्राव रोकिन्छ।

# सप्तरीमा धान रोपाइँ सुरु



**सुधा देव**

सप्तरी, ८ असार । असारको पहिलो साता सुरू भएसँगै जिल्लाका किसानहरू धान रोप्न सुरु गरेका छन् । खडेरीको समस्या भोग्दै आएका जिल्लाका किसानहरूलाई दुई दिन लगातार परेको पानीले सहज भएपछि धान रोप्न व्यस्त भएका हुन्।

पानी परेपछि धमाधम धान रोप्न थालेको सप्तरी हनुमान कंकालिनी नगरपालिका–५ का रामकिसुन यादवले बताउनुभयो। उहाँले भन्नुभयो, अन्य वर्षहरूमा बेलैमा पानी नपर्दा आकाशे पानीलाई पर्खिनु पर्दा धान रोप्न ढिलो हुँदै आएको थियो। यसपटक भने सुरूमै पानी परेपछि धान रोप्न सहज भएको उहाँले बताउनुभयो। धानको बिउ तयार गरेर सुरूमै खेत तयार गर्ने किसानलाई अहिले धान रोप्न सहज भएको हो।

पानी परेसँगै हामी किसानलाई धान रोप्न भ्याइ नभ्याई भएको छ। अहिले बेलैमा धान रोप्न सकियो भने जिल्लामा धान उत्पादन हुने सम्भावना बढेको सप्तरीका अग्निसाइर कृष्णासंवरण गाउँपालिका सीतापुरका राजेन्द्र चौधरीले बताउनुभयो। यस वर्ष मंसुली, सोना मंसुली, सुखा तिल, राधा १२, अगहनी लगायत जातका धानहरू किसानले लगाउने गरेको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख रोशन मेहताले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, यसपाली असार सुरू भएसँगै पानी परेपछि किसानहरू खुसी भएका छन्। पानी पर्ने रफतार असार महिनासम्म यस्तै रह्यो भने यसपालि धान उत्पादनमा वृद्धि हुने सम्भावना बढेको उहाँले बताउनुभयो।

जिल्लामा कुल कृषि योग्य जमिन ८१ हजार हेक्टर क्षेत्रफल रहेको छ। जसमध्ये ६८ हजार हेक्टर क्षेत्रफल जमिनमा धान खेती भइरहेको छ। जसमध्ये २३ हजार ८ सय अर्थात् ३२ देखि ३४ प्रतिशत जमिनमा मात्र सिँचाइ सुविधा रहेको छ।

## कोशीटप्पु ...

प्रजातिका चराचुरुङ्गी पाइने यस आरक्षणमा हाँस प्रजातिका २० वटा, जलचरा प्रजातिका ११४ वटालगायतका पन्छी पाइन्छन्। साथै पछिल्लो समय गैंडाको समेत अवलोकन गर्ने गरेका छन्। आरक्षमा आन्तरिक (नेपाली) पर्यटकको आकर्षण सबैभन्दा बढी देखिएको कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालयले जनाएको छ।

## मधेस प्रदेशमा ...

प्रतिहेक्टर २.६ मेट्रिक टनका दरले ५९ हजार ८५२ मेट्रिक टन र सिरहामा १४ हजार १७६.४८ हेक्टरमा प्रतिहेक्टर २।५१ मेट्रिक टनका दरले ३५ हजार ४४१ मेट्रिक टन गहुँ उत्पादन भएको अधिकृत विश्वकर्माले बताउनुभयो।

प्रतिकूल मौसम, रोग कीराको प्रकोप र सिँचाइ तथा गुणस्तरीय बीउबिजनको अभावका कारण यस वर्ष गहुँ उत्पादनमा ह्रास आएको मधेस प्रदेश कृषि निर्देशनालयका निर्देशक जितेन्द्र यादवले बताउनुभयो।

## बन्द अवस्थामा...

अधिकारीसहितको टोलीले पनि स्थलगत निरीक्षणसँगै जानकारी लिनुभएको उहाँले बताउनुभयो।

मन्त्री यादवले आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक विनियोजित बजेटमाथि प्रतिनिधिसभामा सांसदहरूले उठाएका प्रश्नहरूको जवाफ दिने क्रममा सरकारले हेटौंडा कपडा उद्योग यसै वर्षबाट सञ्चालनमा ल्याउने तयारी गरेको बताउनुभएको थियो। कपडा उद्योग बन्द भएसँगै उद्योग परिसरमा २०७५ सालदेखि सशस्त्र प्रहरी सुरक्षा बल १४ नम्बर गण बस्दै आएको छ।

# राहदानी छपाइ प्रकरणमा १८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाण्डौ, ८ असार। राहदानी विभागका महानिर्देशक तीर्थराज अर्यालसहित १८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। राहदानी छपाइ ठेक्का प्रकरणमा अनियमितता भएको भन्दै अख्तियारले आज १८ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो। अख्तियारले राहदानी विभागका महानिर्देशक अर्याल, सूचना प्रविधि निर्देशक सुनिलकुमार केसी, लेखा अधिकृत तुलसीप्रसाद आचार्यलगायतविरुद्ध मुद्दा दायर गरेको हो। अख्तियारले राहदानी छाप्ने २ विदेशी कम्पनी, ती कम्पनीका ४ जना विदेशी प्रतिनिधि र २ जना नेपाली प्रतिनिधिलाई पनि प्रतिवादी बनाएको छ। सन् २०२५ जुन ६ मा राहदानी विभागले जर्मनीका २ वटा सुरक्षण मुद्रण कम्पनी– म्युहलबाउर र भेरिडोसलाई ई–पासपोर्टको ठेक्का दिएको थियो। सम्झौतालगत्तै अख्तियारमा उजुरी परेको थियो। अख्तियारले उनीहरूविरुद्ध १० अर्ब १३ करोड ४ लाख ६१ हजार ७७७ रुपैयाँ बिगो मागदाबी गरेको छ।


# राहदानी विभागका महानिर्देशक तीर्थराजसहित १६ जनाविरुद्ध दश अर्ब १३ करोडको मुद्दा

काठमाडौँ, ८ असार। राहदानी विभागका महानिर्देशक तीर्थराज अर्यालसहित १६ जना दश अर्ब १३ करोड चार लाख ६१ हजार ४७७ रुपियाँ भ्रष्टाचार मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार विभागका निर्देशक सुनिल कुमार केसी, तत्कालीन निर्देशक शत्रुध्वन प्रसाद शर्मा पोखरेल, तत्कालीन निर्देशक रविन्द्र राजभण्डारी, तत्कालीन लेखा अधिकृत तुलसी प्रसाद आचार्य, कम्प्युटर इन्जिनियर विपिन प्रसाई, तत्कालीन शाखा अधिकृत सोमेश थापा, परराष्ट्र मन्त्रालयका तत्कालीन उपसचिव राजाराम दाहाल, तत्कालीन उपसचिव भेष प्रसाद भुर्तेल, तत्कालीन उपसचिव पुस्करराज नेपालविरुद्ध सो भ्रष्टाचार मुद्दा दायर भएको छ।

राहदानी विभागबाट राहदानी छपाई सम्बन्धी कार्यमा प्रचलित कानून विपरीत बोलपत्रहरुको टेक्निकल इभ्याअलुसन र फाइनान्सियल ईभ्याअलुसन गरी गलत सिफारिस तथा गलत निर्णयका आधारमा सम्झौता गरी गराइ आंशिक रकमसमेत भुक्तानी लिइ दिइ भ्रष्टाचार गरेको मुद्दा दायर भएको आयोगको विज्ञप्तिमा उल्लेख छ। यसैगरी, मूहल्बअर आइडी सर्भिसेस ( जीएमबीएच) एवम् उक्त कम्पनीका मुख्य भइ कार्य गर्ने जरहार्ड माउरर, प्याभल रेकिइ र मणिन्द्र राज मल्लविरुद्ध एक अर्ब ९० करोड ६९ लाख ५७ हजार ३२ रुपियाँ भ्रष्टाचार मुद्दा दायर भएको छ।

भेरिडोस जीएमबीएच एवम् उक्त कम्पनीका मुख्य भइ कार्य गर्ने फेबिओला बेलरशेम, फ्लोरियन प्याक्लिन र सिद्धार्थ थापाविरुद्ध आठ अरव २२ करोड ३५ लाख चार हजार ४४४ रुपियाँ भ्रष्टाचार मुद्दा दायर भएको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ अनुसार उनीहरुविरुद्ध दश अर्ब १३ करोड चार लाख ६१ हजार ४७७ रुपियाँ बिगो कायम गरी कैद र बिगो बमोजिम जरिवाना गरी सजाय हुन मागदाबी लिइ सोमबार विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर भएको अयोगले जनाएको छ।




मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट** : मार्गानुगामी दैनिक **कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)